हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

# जीतपुरसिमरा उपमहानगरपालिका

# जीतपुरसिमरा राजपत्र

खण्डः५ | संख्याः १५ | प्रमाणिकरण मितिः २०७९/१२/०७

भाग २

## जीतपुरसिमरा उपमहानगरपालिका

## संस्थागत विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण कार्यविधि,२०७९

प्रस्तावनाः

जीतपुरसिमरा उपमहानगरपालिका भित्र सञ्चालित र भविष्यमा सञ्चालन हुने संस्थागत विद्यालयको श्रेणी वर्गीकरण तथा विद्यालयले लिने शुल्कलाई व्यवस्थित र बैज्ञानिक बनाउन आवश्यक भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को २ तथा जीतपुरसिमरा उपमहानगरपालिका शिक्षा ऐन, २०७५ को दफा २७ (७) ले दिएको अधिकार प्रयोग गरी जीतपुरसिमरा उपमहानगरपालिकाद्वारा संस्थागत विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण कार्यविधि, २०७९ बनाई जारी गरिएको छ ।

### परिच्छेद - एक

### संक्षिप्त नाम र प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यो कार्यविधिको नाम "संस्थागत विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण कार्यविधि" २०७९ रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमाः

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

(क) "नगरपालिका" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिका सम्झनु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्दछ ।

(ग) "प्रमुख" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

(ङ) "नगर शिक्षा समिति" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको नगर शिक्षा समिति सम्झनु पर्दछ ।

(च) "शाखा प्रमुख" भन्नाले शिक्षा, युवा तथा खेलकुद महाशाखा/शाखाको प्रमुख वा प्रमुखको काम गर्न तोकिएको शाखाको अधिकृत सम्झनु पर्छ ।

(छ) "विद्यालय" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिका भित्रका संस्थागत विद्यालय सम्झनु पर्दछ ।

(ज) "शुल्क" भन्नाले यस कार्यविधि बमोजिम संस्थागत विद्यालयले लिन पाउने शुल्क सम्झनुपर्छ ।

## परिच्छेद - दुई

## संस्थागत विद्यालयको वर्गिकरण

३. विद्यालयको वर्गीकरणः

(१) विद्यालयलाई अनुसूची-१ मा उल्लेखित व्यवस्था र शैक्षिक प्रशासन महाशाखाबाट तयार गरिएको विद्यालय स्तरीकृत फारामको मूल्यांकनका आधारमा देहाय बमोजिम चार श्रेणीमा बर्गीकरण गरिनेछ :

क) "क" श्रेणीको विद्यालय

ख) "ख" श्रेणीको विद्यालय

ग) "ग" श्रेणीको विद्यालय

घ) "घ" श्रेणीको विद्यालय

(२) उपनियम १ बमोजिम विद्यलय वर्गीकरण निमित्त विद्यालयले अनुसूची-२ मा उल्लेखित मापदडका आधार र सो आधारमा तयार गरिएको विद्यालय स्तरीकृत फारामका आधारमा आफूले के-कस्तो किसिमका सुविधा उपलब्ध गराएको हो स्पट खुलाई शैक्षिक शत्र सुरु हुनुभन्दा दुई महिना अगावै नगरपालिकामा निवदेदन दिनुपर्नेछ ।

(३) विद्यालय वर्गीकरणका लागि सिफारिस गर्न देहाय बमोजिमको एक विद्यालय वर्गीकरण सिफारिस समिति रहनेछ :

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| (ख) नगर शिक्षा समितिबाट प्रमुखले तोकेको दुई जना | सदस्य |
| (ग) प्राविधिक महाशाखाका इन्जिनियर एक जना | सदस्य |
| (घ) योजना शाखा प्रमुख | सदस्य |
| (ङ) सूचना तथा प्रविधि महाशाखा/शाखा प्रमुख | सदस्य |
| (च) शिक्षा महाशाखा प्रमुख | सदस्य सचिव |

(४) उपनियम ३ बमोजिमको समितिले विद्यालयले उपलब्ध गराएको सेवा सुविधाको स्थलगत जाँचबुझ गरी विद्यालय वर्गीकरणका लागि नगर शिक्षा समिति समक्ष सिफारिस गर्नेछ ।

(५) उपनियम ४ बमोजिम विद्यालय वर्गीकरणका लागि भएको सिफारिसमा आवश्यक जाँचबुझ गरी नगर शिक्षा समितिले वर्गीकरण गर्नेछ ।

जीतपुरसिमरा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय जीतपुर, बारा मधेश प्रदेश, नेपाल
हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

(६) उपनियम ५ बमोजिम गरिएको वर्गीकरणमा चित्त नबुझेमा विद्यालयले नगर शिक्षा समिति समक्ष निवेदन दिन सक्नेछ । यसरी निवेदन परेमा शिक्षा समितिले सो विद्यालयको स्थलगत निरिक्षण गर्ने/गराउनेछ र निरिक्षण गर्दा त्यस्तो विद्यालयलाई माथिल्लो श्रेणीको विद्यालयमा कायम गर्न मनासिब देखिएमा नगर शिक्षा समितिले माग बमोजिम माथिल्लो श्रेणीको विद्यालयमा वर्गीकरण गर्न सक्नेछ ।

(७) यो कार्यविधि लागू भएको मितिले दुई महिनाभित्र पहिलो पटक सबै संस्थागत विद्यालयले विद्यालय वर्गीकरणका लागि नगरपालिकामा निवेदन दिनुपर्नेछ ।

(८) विद्यालय वर्गीकरण प्रत्येक तिन वर्षमा गरिनेछ ।

तर कुनै विद्यालयले आवश्यक पूर्वधार पुरा गरी माथिल्लो श्रेणीमा सुचिकृत हुन चाहेमा तिन वर्ष नपुगेको हकमा पनि नगरपालिकामा निवदेन दिन वाधा पर्ने छैन ।

## परिच्छेद - तीन

## शुल्क निर्धारण सिफारिस समिति तथा शुल्क सम्बन्धी व्यवस्था

### ४. विद्यालय शुल्क निर्धारण सिफारिस समितिः

(१) संस्थागत विद्यालयले लिन पाउने शुल्क निर्धारणका लागि नगर शिक्षा समितिलाई सिफारिस गर्न र विद्यालयले निर्धारित शुल्क लागु गरे नगरेको सम्बन्धमा अनुगमन गर्न देहाय बमोजिमको एक विद्यालय शुल्क निर्धारण सिफारिस समिति रहनेछः

| | | |
|---|---|---|
| (क) | नगर शिक्षा समिति प्रमुख | संयोजक |
| (ख) | नगर उप प्रमुख | सदस्य |
| (ग) | नगर प्रमुखबाट तोकिएको शिक्षाविद् एक जना | सदस्य |
| (घ) | प्यावसन तथा एन प्यावसनका नगर समिति अध्यक्ष दुई जना | सदस्य |
| (ङ) | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (च) | शिक्षा महाशाखा/शाखा प्रमुख | सदस्य सचिव |

(२) उपनियम १ बमोजिमको समितिले शुल्क निर्धारण सम्बन्धी सिफारिस गर्न बैठकमा आवश्यकता अनुसार विषय विज्ञ तथा सम्बन्धित सरोकारवालाहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

### ५. विद्यालयले लिन पाउने शुल्क तथा धरौटीः

(१) संस्थागत विद्यालयले विद्यार्थीसँग देहायबमोजिमको शुल्क तथा धरौटी लिन सक्नेछन्ः

(क) मासिक पढाई शुल्क,

(ख) कुल दुई महिनाको पढाई शुल्क बराबरको रकममा नबढ्ने गरी खेलकुद, अतिरिक्त कृयाकलाप, प्रयोगशाला, पुस्तकालय र प्राथमिक उपचार बापतको वार्षिक शुल्क,

(ग) विद्यालयमा पहिलो पटक भर्ना हुने कक्षाको एक महिनाको मासिक पढाई शुल्कमा नबढ्ने गरी एक पटकको लागि भर्ना शुल्क,

(घ) विविध शुल्कः विविध शुल्क अन्तर्गत तपसिलका शुल्क लिन पाउनेछनः

(१) परीक्षा शुल्क

(२) कम्प्युटर शुल्क

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

(३) स्थानान्तरण र प्रमाणपत्र शुल्क

(४) विशेष प्रशिक्षण (जुडो, मार्सल आर्ट, तेक्वान्दो, पौडी, गायन, नृत्य लागायत) शुल्क

(५) आवास शुल्क

(६) परिवहन शुल्क

(७) भोजन शुल्क

(२) विद्यालयले उपनियम १ बमोजिमको शुल्क त्यस्तो सुविधा उपयोग गर्ने विद्यार्थीसँग सो सुबिधा उपयोग गरेको अवस्थामा मात्र लिन पाउनेछ ।

(३) विद्यालयले परीक्षा शुल्क बापतको रकम मासिक पढाई शुल्कको दश प्रतिशतभन्दा बढी हुनेगरी लिन पाउने छैन ।

(४) विद्यालयले प्रमाणपत्र शुल्क र स्थानान्तरण पत्र शुल्क बापतको रकम मासिक पढाई शुल्कको दश प्रतिशतभन्दा बढी हुने गरी लिन पाउने छैन ।

६. शुल्क सम्बन्धी व्यवस्थाः

(१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र क,ख,ग वा घ श्रेणीको संस्थागत विद्यालयले लिन पाउने शुल्कको अधिकतम सिमा तोकी शैक्षिक सत्र सुरु हुनुभन्दा कम्तिमा पन्ध्र दिन अगावै सूचना प्रकाशन गर्नेछ ।
तर पहिलो पटकका लागि यो कार्यविधि लागू भएको मितिले एक महिनाभित्र शुल्क निर्धारण गर्न बाधा पर्ने छैन ।

(२) विद्यालय व्यवस्थापन समितले उपनियम १ बमोजिम तोकिएको अधिकतम शुल्क सिमाभित्र रही आगामी शैक्षिक सत्रको लागि विद्यार्थीसँग लिने शुल्कको प्रस्तावित दर प्रस्ताव गरी शैक्षिक सत्र सुरु हुनुभन्दा दुई महिना अगावै नगरपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(३) उपनियम २ बमोजिमको प्रस्तावित शुल्कको दर प्राप्त भएमा विद्यालय शुल्क निर्धारण सिफारिस समितिले सो शुल्क अनुसूची-२ को आधारमा प्रस्ताव भए नभएको सम्बन्धमा जाँचबुझ गरी त्यस्तो शुल्कको दर हेरफेर सहित स्वीकृतिका लागि नगर शिक्षा समिति समक्ष पेश गर्नेछ ।

(४) उपनियम ३ बमोजिम पेस भएको शुल्कलाई नगर शिक्षा समितिले आवश्यक थपघटसहित स्वीकृत गर्नेछ ।

(५) उपनियम ४ बमोजिम स्वीकृत शुल्कको दर महाशाखाले सार्वजनिक गरी विद्यालयमा समेत पठाउनेछ ।

(६) उपनियम ४ बमोजिम स्वीकृत शुल्कको दर विद्यालयले आफ्नो सूचना पाटीमा टाँस गर्नुपर्नेछ ।

(७) विद्यालयले विद्यार्थीसँग जुन कामको लागि शुल्क लिएको हो सो रकम सोही काममा खर्च गर्नुपर्नेछ ।

(८) विद्यालयले तोकेको समयमा विद्यार्थीले शुल्क बुझाउन पर्नेछ ।

(९) विद्यालयले शुल्कको दर, शुल्क बुझाउने अवधि र प्रकृयासम्बन्धी विवरण विद्यार्थी तथा अभिभावकलाई जानकारी दिई विद्यालयको सूचना टाँस गर्नुपर्नेछ ।

७. बढी शुल्क लिन नपाउनेः

(१) विद्यालयले यो कार्यविधि बमोजिम निर्धारण भएको शुल्क मात्र लिनुपर्नेछ ।

(२) तोकिएभन्दा बढी शुल्क लिने विद्यालयलाई यस कार्यविधि बमोजिम कारवाही हुनेछ ।

८. बढी लिएको शुल्क फिर्ता गर्नुपर्नेः कुनै विद्यालयले यस कार्यविधिमा तोकिएभन्दा बढी शुल्क लिएको पाइएमा त्यसरी बढी लिएको शुल्क नगरपालिकाले अभिभावकलाई फिर्ता गर्न लगाउनेछ ।

९. श्रेणीकृत नभएको विद्यालय सम्धन्धमाः

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

(१) यस कार्यविधि बमोजिम श्रेणीकृत नभएका विद्यालयले "ग" श्रेणीको विद्यालयले लिन पाउने शुल्कभन्दा २५ प्रतिशत कम शुल्क लिनुपर्नेछ ।

(२) यस कार्यविधि बमोजिम न्यूनतम पूर्वाधार पूरा नभएका विद्यालयहरु स्वतः "घ" श्रेणीमा वर्गीकरण हुनेछन् ।

(३) "घ" श्रेणीका विद्यालयहरुले "ग" श्रेणीका विद्यालयको लागि तोकिएको भन्दा २५ प्रतिशत कम शुल्क लिनुपर्नेछ।

(४) "घ" श्रेणीका विद्यालयले "घ" श्रेणीमा वर्गीकरण भएको छ महिनाभित्र न्यूनतम पूर्वाधार पुरा गर्नुपर्नेछ ।

(५) यस कार्यविधिमा तोकिए बमोजिम छ महिनाभित्र न्यूनतम पूर्वाधार पुरा गर्न नसक्ने विद्यालयको सञ्चालन अनुमति शिक्षा समितिले रद्द गर्न सक्नेछ ।

## परिच्छेद - चार

## विविध

१०.स्तरीकृत फारामः महाशाखाले अनुसूची १ र अनुसूची २ बमोजिमको आधारहरु समेटी सूचक र भार सहितको संस्थागत विद्यालय स्तरीकरण फाराम विकास गरी विद्यालयको वर्गीकरण र शुल्क निर्धारणको आधार तयार गर्न सक्नेछ ।

११.जरिवानाः तोकिएभन्दा बढी शुल्क लिने विद्यालयलाई नगरपालिकाले बढी लिएको शुल्क फिर्ता गर्न लगाई पाँच हजारदेखि पचास हजार रुपैयासम्म जरिवाना गर्नेछ ।

१२.उजुरीः

(१) यस कार्यविधि बमोजिम विद्यालय वर्गीकरण एवम् शुल्क निर्धारण सम्बन्धमा चित्त नबुझेमा नगरपालिका समक्ष उजुरी गर्न सकिनेछ ।

(२) उपनियम १ बमोजिम परेको उजुरीको कारवाही र किनारा नगर शिक्षा समितिले गर्नेछ ।

१३.कार्यविधो व्याख्याः यस कार्यविधिको व्याख्या सम्बन्धमा कुनै द्विविधा भएमा नगरकार्यापालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

१४.यस कार्यविधि बमोजिम हुनेः यस कार्यविधमा लेखिएका कुराहरु यसै बमोजिम र नलेखिएका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

गौरीगंगा/जीतपुरसिमरा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जीतपुर, बारा
प्रदेश नं. २, नेपाल

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-१

## विद्यालय वर्गीकरणका आधार

विद्यालय वर्गीकरणका आधार

१. "क" श्रेणीको विद्यालय हुन चाहिने आधारहरु (अपेक्षित सुविधायुक्त विद्यालय अर्थत "ख" श्रेणीका विद्यालयको पूर्वाधारमा थप हुनुपर्ने)

(क) कम्तीमा १०० जनाको उपस्थितीमा कार्यक्रम गर्न सकिने सभाकक्ष,

(ख) सेवा कक्ष- फोन, फ्याक्स, इमेल आदी,

(ग) अतिरिक्त कृयाकलाप कक्ष,

(घ) क्याफ्टेरिया,

(ङ) एकपटकमा कम्तीमा ५० जना विद्यार्थी बसेर पढ्न सक्ने छुट्टै पुस्तकालय कोठाको व्यवस्था र

(च) विशेष सुविधायुक्त विद्यालयको लागि निर्धारित सुविधा उपलब्ध गराएको हुनु पर्ने ।

२. "ख" श्रेणीको विद्यालयको लागि चाहिने आधारहरु (आधारभूत सुबिधायुक्त विद्यालय अर्थात् "ग" श्रेणीका विद्यालयको पूर्वाधारमा थप हुनु पर्ने)

(क) प्रधानाध्यापक, शिक्षक, कर्मचारी र प्रशासनिक कर्मचारीका लागि छुट्टा छुट्टै कोठाको व्यवस्था,

(ख) शिक्षक कर्मचारीको लागि छुट्टै शौचालयको व्यवस्था,

(ग) कुनै दुई प्रकारका दैनिक पत्रिकाहरु सहितको एकपटकमा कम्तीमा ५० जना विद्यार्थी बसेर पढ्न सक्ने छुट्टै पुस्तकालय कोठाको व्यवस्था,

(घ) भलिबल खेल्न मिल्ने खेल मैदानको अतिरिक्त सम्पूर्ण विद्यार्थी एकैसाथ उभिन सक्ने कम्पाउण्डको व्यवस्था,

(ङ) छुट्टै विज्ञान प्रयोगशाला कोठाको व्यवस्था,

(च) विद्यालयमा कम्प्युटर विषय राखेको भए छुट्टै कम्प्युटर कोठाको व्यवस्था,

(छ) प्राथमिक उपचार कक्षको व्यवस्था,

(ज) विशेष सुविधायुक्त विद्यालयको लागि निर्धारित सुविधा उपलब्ध गराएको हुनुपर्ने ।

३. "ग" श्रेणीको विद्यालय (अर्थात आधारभूत सुविधायुक्त विद्यालय) को लागि चाहिने पूर्वाधारहरुः

(क) कक्षाकोठाहरु पूर्व प्राथमिक र प्राथमिक तहको हकमा प्रति विद्यार्थी ०.७५ वर्गमिटर, निम्नमाध्यमिक र माध्यमिक तहको हकमा १.०० वर्गमिटर,

(ख) हावाको राम्रो प्रवाह र यथेष्ट प्रकाश भएका कक्षाकोठाहरु,

(ग) विद्यार्थी संख्याको आधारमा सबैलाई पुग्ने डेस्क, बेन्च,

(घ) छात्रछात्रा र शिक्षकको लागि कम्तिमा ३ वटा छुट्टा छुट्टै शौचालय र प्रत्येक थप ५० जना विद्यार्थीका लागि एक कम्पार्टमेन्ट थप,

(ङ) यथेष्ट खानेपानीको व्यवस्था,

(च) पाठ्यक्रम पाठ्यपुस्तक शिक्षक नर्देशिका सहितको १ विद्यार्थी बराबर कम्तीमा २ पुस्तक भएको पुस्तकालय,

(छ) प्रतिकक्षामा कालोपाटी/सेतोपाटी र अन्य आवश्यक शैक्षिक सामग्री,

(ज) सबै विद्यार्थी एकैपटक उभिन सक्ने आँगन,

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

(झ) भलिबल खेल्न मिल्ने सम्मको खेल मैदान,

(ञ) कक्षा शिक्षक अनुपात १:१.४

(ट) पाठ्यक्रम अनुसारको विज्ञान सामाग्रीको व्यवस्था,

(ठ) प्राथमिक उपचारको सामाग्रीको व्यवस्था र

(ड) यस कार्यविधिमा उल्लेख गरे अनुसारको छात्रवृत्ती र सोही अनुसारको शिक्षक तथा कर्मचारी संख्या ।

४. "घ" श्रेणीका विद्यालय (अर्थात न्यून सुविधाका विद्यालय): यस श्रेणीमा आधारभूत सुविधा पुरा नभएका विद्यालय रहनेछन् ।

५. संस्थागत विद्यालयहरुलाई खण्ड (क), (ख), (ग) र (घ) बमोजिम वर्गीकरण गर्नका लागि यस नियमावली बमोजिमको समितिले आवश्यकता अनुसार नगरपालिकाद्वारा गठित सरोकारवालाहरु समेत सम्मिलित भएको समितिको परामर्श लिन सक्नेछ ।

जीतपुरसिमरा उपमहानगरपालिका

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-२

विद्यालय शुल्क निर्धारणका आधारहरु

(१) शैक्षिक योग्यता नपुगेको र शिक्षक अध्यापन अनुमति पत्र नभएको व्यक्तिलाई शिक्षकमा नियुक्ति गर्न पाइने छैन ।

(२) शुल्क निर्धारण प्रयोजनका लागि यही अनुसूची बमोजिम "ग" श्रेणीको विद्यालयलाई आधारभूत सुविधायुक्त विद्यालय मानिएको हुँदा उक्त श्रेणीको विद्यालयमा देहाय बमोजिमको शिक्षक तथा कर्मचारी राख्नुपर्नेछ ।

| क.सं. | शिक्षक/कर्मचारी | तह अनुसार शिक्षक तथा कर्मचारी संख्या | | | |
|---|---|---|---|---|---|
| | | नर्सरी देखि कक्षा ५ सम्म | नर्सरी देखि कक्षा ८ सम्म | नर्सरी देखि कक्षा १० सम्म | नर्सरी देखि कक्षा १२ सम्म |
| १. | प्र.अ.<br>आई. एड.<br>स्नातक<br>स्नातकोत्तर | <br>१<br>-<br>- | <br>-<br>१<br>- | <br>-<br>-<br>१ | <br>-<br>-<br>१ |
| २. | शिक्षक<br>एस.एल.सी./एस.ई.ई.<br>आई. एड.<br>स्नातक<br>स्नातकोत्तर | <br>३<br>६<br>-<br>- | <br>३<br>६<br>५<br>- | <br>३<br>६<br>४<br>४ | <br>३<br>६<br>५<br>६ |
| ३. | लेखापाल | १(एस.एल.सी./एस.ई.ई.) | १ (कक्षा १२) | १ (कक्षा १२) | १ (स्नातक) |
| ४. | आया/स्वीपर | २ | २ | २ | २ |
| ५. | स्टोर/लाईब्रेरियन | - | - | २ | २ |
| ६. | गार्ड/पियन | २ | २ | ३ | ४ |

(३) विद्यालयको उपखण्ड (२) बमोजिमका शिक्षक कर्मचारीको तलब नेपाल सरकारले स्वीकृत गरेबमोजिमको तलबभत्तामा नघटाई उपलब्ध हुनुपर्नेछ र यसरी दिइने सुविधा बापत तलब रकमको १८ प्रतिशत सम्म छुट्याई यसरी हुन आउने जम्मा खर्चलाई विद्यालयको कुल खर्चको ६० प्रतिशत मानी बाँकी रहेको ४० प्रतिशतमध्ये कम्तीमा ८ प्रतिशत रकम छात्रवृत्ती र १.५ प्रतिशत ग्रामिण शिक्षा विकास कोषमा लगानी गर्नुपर्नेछ र बाँकी हुन आउने रकम विद्यालयको आवश्यकता अनुसारका शीर्षकहरुमा खर्च गर्ने गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(४) खण्ड (२) र (३) को व्यवस्थालाई विचार गरी "ग" श्रेणीका आधारभूत सुविधायुक्त विद्यालयको शुल्क निर्धारण गर्नुपर्नेछ।

(५) खण्ड (४) बमोजिमको शुल्क दर आधारभूत सुविधायुक्त विद्यालयको लागि भएकाले सो सुविधा नपुगेका "घ" श्रेणीका न्यून सुविधाका विद्यालयले तुलनात्मक रुपमा कम खर्च गरे पुग्ने भएको हुँदा यस्ता विद्यालयलाई आधारभूत सुविधाका विद्यालयको भन्दा २५ प्रतिशतसम्म कम शुल्क हुने गरी शुल्क निर्धारण गर्नुपर्नेछ ।

(६) आधारभूत भन्दा माथिको सुविधा दिईरहेका अपेक्षित सुबिधायुक्त "ख" श्रेणीका र विशेष सुबिधायुक्त "क" श्रेणीका विद्यालयहरुले देहायबमोजिमका थप सुबिधाका निम्ति खर्च जोडेर शुल्क हिसाब गर्न पाउनेछन् ।

| क.सं. | विवरण | अपेक्षित सुबिधा (प्रतिशत) | विशेष सुविधा (प्रतिशत) |
|---|---|---|---|
| क | शिक्षक कर्मचारी तलब तथा सुबिधा | १५ | २५ |
| ख | खेलकुद तथा अतिरिक्त क्रियाकलाप | ५ | १० |
| ग | शैक्षिक सामाग्री | ५ | १० |
| घ | भौतिक पूर्वाधार | १० | १५ |
| ङ | शैक्षिक उपलब्धी | १० | १० |
| च | छात्रवृत्ती | ५ | ७ |
| छ | संस्थागत विकास | १० | १० |
| | यी सबै सुबिधा थप भए वापत शुल्क दरमा थप गरिने | २५ | ५० |

थप सुबिधायुक्त विद्यालयले उपलब्ध गराएको सुबिधा अनुसार माथि उल्लिखित विभिन्न शीर्षकमा उल्लेख गरिएको मापदण्ड अनुसारको कुल प्रतिशतलाई १०० प्रतिशत मानी अपेक्षित सुबिधायुक्त विद्यालयमा २५ प्रतिशत र विशेष सुबिधायुक्त विद्यालयमा ५० प्रतिशतसम्म थप शुल्क लिन सक्नेछ ।

(७) कुनै विद्यालयले लिई आएको शुल्क दर यस अनुसूची अनुसार हुन आउने शुल्क दरभन्दा कम शुल्क वृद्धि गर्दा सोही अनुपातमा शुल्क वृद्धि हुन सक्नेछ ।

(८) यस अनुसूची बमोजिम "क" श्रेणीमा परेका सुबिधायुक्त विद्यालयका कम्तीमा दुईतिहाई अभिभावकको निर्णयबाट निम्न बमोजिमको कुनै एउटा प्रावधान पालना गर्ने गरी खण्ड (४), (५) र (६) मा उल्लेख गरेभन्दा माथिल्लो दरको शुल्क प्रस्ताव गरेमा नगर शिक्षा समितिले माथिल्लो दरकको शुल्क लागू गर्न स्वीकृति दिन सक्नेछ ।

(क) गरिबीको रेखामुनी रहेका परिवारका विद्यार्थीलाई लक्षित गरी २५ प्रतिशत विद्यार्थीलाई विशेष छुट (हेभी सब्सिडी) र मध्यम वर्गका विद्यार्थीलाई लक्षित गरी आंशिक छुट दिने

(ख) विद्यालयका विद्यार्थीलाई पूर्ण शुल्कमा अध्यापन गराई उठेको रकमको कम्तीमा १८ प्रतिशत रकम छुट्टै कोषमा राखी आफ्नै विद्यालयमा अध्ययनरत र नगरपालिका क्षेत्रभित्रका विभिन्न विद्यालयमा अध्ययन गर्ने न्यून आए भएका विद्यार्थीलाई छात्रवृत्ती दिने तथा त्यस्तो विद्यालयको गुणस्तर सुधारमा सहयोग प्रदान गर्ने ।

जीतपुरसिमरा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय जीतपुर, बारा मधेश प्रदेश, नेपाल

आज्ञाले,
हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत